पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७२

श्री पैयूँ गाउँपालिका

हुवास, पर्वत

## स्थानीय विपद् व्यवस्थापन समितिको बैठक

मितिः २०७७/०८/०६ गते शनिवार

## निर्णयहरू

१. यस गाउँपालिका क्षेत्रभित्र कोभिड १९ को संक्रमण न्यूनीकरण गर्नको लागि मिति २०७७/०७/२५ गतेको स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम गाउँपालिका क्षेत्र सिल गरिएकोमा भोलि मिति २०७७/०८/०७ गतेबाट सो व्यवस्था हटाई सबै कार्यालय, संघ, संस्था, वित्तीय संस्थाहरू, बजार क्षेत्र तथा आवागमनलाई समेत खुला गर्ने । कोभिड १९ को संक्रमणको न्यूनीकरण गर्नको लागि गाउँपालिका क्षेत्रभित्र सञ्चालित सबै सरकारी तथा गैर सरकारी संघ, संस्था तथा निकायहरूले सेवा प्रवाह गर्दा सेवाग्राहीहरूलाई स्वास्थ्यका सम्पूर्ण मापदण्डहरू परिपालना गराउन सहयोग गर्ने । मास्क प्रयोग नगरी सेवा लिन आउने सेवाग्राहीलाई अत्यावश्यक वाहेकका अन्य सेवा प्रवाह नगर्ने ।

२. नेपाल सरकारले कोभिड १९ को सन्दर्भमा जारी गरेको **विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७** बमोजिम यस गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा मिति २०७७/०८/०८ गतेदेखि पठनपाठन शुरू गर्ने । सो सम्बन्धमा थप छलफल गर्न भोलि मिति २०७७/०८/०७ गते विहान ठीक ११.०० बजे गाउँपालिका भित्रका सबै माध्यमिक तह सञ्चालन गर्ने विद्यालयहरू (सामुदायिक र संस्थागत) का प्रधान अध्यापकहरू समेतको बैठक गाउँ कार्यपालिकाको कार्यालयमा बस्ने । यसको संयोजन शिक्षा शाखाले गर्ने । विद्यालयहरूमा पठनपाठन सञ्चालन गर्दा स्वास्थ्य सम्बन्धी मापदण्डहरूको परिपालना भए नभएको सम्बन्धमा सम्बन्धित वडा कार्यालयहरूले भरपर्दो अनुगमन गर्ने ।

३. यस गाउँपालिका क्षेत्रभित्र आवागमन गर्ने सबै व्यक्तिहरुले अनिवार्य रूपमा मास्क प्रयोग गर्ने/ सामाजिक दूरी कायम गर्ने । यस्तो व्यवस्थाको परिपालना भए नभएको सम्बन्धमा सम्बन्धित वडा समितिबाट भरपर्दो अनुगमन गर्ने । यस निर्णयको परिपालन गराउनको लागि इलाका प्रशासन कार्यालय, हुवास तथा इलाका प्रहरी कार्यालय, हुवासले आवश्यक सहयोग गर्ने ।

-0-

२०७७/०८/०६

**नेत्रप्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**